**विधायन समिति**
**प्रतिवेदन**

राप्ती नगरपालिकाको सम्मानित सातौँ नगर सभाका सभाअध्यक्ष महोदय, सभामा उपस्थित नगर सभाका सभासद ज्युहरु, जनप्रतिनिधिहरु, विज्ञ सल्लाकारहरु, विषयगत शाखा प्रमुख ज्युहरु, र पत्रकार ज्युहरुमा हार्दिक नमस्कार ।

राप्ती नगरपालिकाको सातौँ नगर सभाको यस गरिमामय सभामा विधायन समिति को संयोजकको हैसियतले प्रतिवेदन प्रस्तुत गर्न उपस्थित भैरहदा गौरावान्वित महशुस गरेको छु ।

माननिय सदस्यहरु , संविधानले ३ तहको राज्यको परिकल्पना गरेसगैँ स्थानीय तहलाई दिएको अधिकार र कार्यसुचिभित्र रहेर स्थानिय सरकारकले तर्जुमा गरेका नीति , कार्यक्रम र बजेटलाई कार्यन्वयनको चरणमा सहजिकरण सरलता एकरुपताका साथै थप उद्देश्यमुलक र उपलब्धिमुलक बनाउन थुप्रै ऐन , नियम कार्यविधी र निर्देशिका बनाउनुपर्ने भएकोले मस्यौदा समिति को गठन भईसकेको छ । स्थानीय तहसंग नागरिकले गरेका अपेक्षा र आवश्यकतालाई संवोधन गर्दै यस राप्ती नगरपालिकालाई समृद नगरको रुपमा स्थापित गर्न स्वयं आफ्नो अधिकार क्षेत्र भित्र रहेर कानुन निर्माण गरि कार्यन्वयन गर्नुपर्ने आजको चुनौतिको विषय पनि हो । विगतका दिनहरुमा पनि हामिले थुप्रै कार्यविधी कानुन निर्माण गरि कार्यान्वयन गरिसकेका छौंर कतिपय कानुन कार्यान्वयनको चरणमा छन ।यद्यपि अझै पनि थुप्रै कानुन निर्माण गरि कार्यन्वयन गर्नुपर्ने अवस्था छ । जुन कार्य द्रुत गतिमा अघाडि वढिरहेको छ ।

माननिय सदस्यहरु विधायन समितिले मस्यौदा निर्माण गर्नुका लक्ष्य उद्येश्यहरु निम्न अनुसार छन्

## लक्ष्य /उद्देश्यहरु

- नेपालको संविधानले परिकल्पना गरेको संघ, प्रदेश,र स्थानीय सरकारको कार्यन्वयन गर्नु ।
- स्थानीय तहलाइ संविधान प्रदत अधिकार क्षेत्रमा आफै कानुन बनाई लागु गर्ने सु अवसरको उपयोग गर्नु
- स्थानीय आवश्यकतालाई व्यवस्थित गरि कानुनी राज्यको परिकल्पनालाई साकार बनाउनु
- बजेटको उचित कार्यान्वयन गर्नु
- योजना कार्यन्वयमा सरलता र सहजता स्थापित गर्नु
- लक्षित कार्यक्रमलाई उद्येश्यमुलक तथा उपलब्धिमुलक बनाउनु
- सर्वसाधारण को समान पहुच स्थापित गर्नु
- सवल,सक्षम,सुशासनयुक्त,पारदर्शि,जवाफदेहि नगरको रुपमा राप्ति नगरपालिका लाई स्थापित गर्नु
- वजेटको सदुपयोग गर्नु।

**<u>माननिय सदस्यहरु,</u>**

**<u>हालसम्म स्वीकृत भएका कानुनहरु</u>**

१. आर्थिक ऐन
२. विनियोजन ऐन
३. सहकारी ऐन २०७४
४. शिक्षा ऐन २०७४
५. जिवनाशक विषादी व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०७४
६. न्यायिक समितिले उजुरी कारवाही किनारा गर्दा अपनाउनुपर्ने कार्यविधिका सम्बन्धमा व्यवस्था गर्न बनेको विद्येयक
७. स्थानीय राजपत्र प्रकाशन सम्बन्धी कार्यविधी २०७४
८. करारमा कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधी २०७४
९. घ बर्गको निर्माण व्यवसायी इजाजत पत्र कार्यविधी २०७४
१०. दिवा खाजा संचालन सम्वन्धि कार्यविधी २०७५
११. खाद्य दिवस निवन्ध प्रतियोगिता कार्यविधी २०७५
१२. उत्कृष्ट कृषक पुरस्कार कार्यविधी २०७५
१३. विद्यालय लेखा परिक्षण कार्यविधी ०७५।०७६
१४. अपाङ्गता भएका व्यक्तिको परिचयपत्र वितरण कार्यविधी २०७५
१५. कार्यसम्पादनमा  आधारित प्रोत्साहन कार्यविधी २०७५
१६. नदिजन्य पदार्थ र माटोको विक्रिकर उठाउने सम्बन्धी कार्यविधी २०७५
१७. स्थानीय तहको उपभोक्ता समिति गठन, परिचालन, तथा व्यवस्थापन सम्वन्धि कार्यविधी
१८. जनप्रतिनिधिको आचार संहिता २०७५
१९. वालअधिकार उत्थान संरक्षण र व्यवस्थापन कार्यविधी २०७५
२०. जनजाति हक अधिकार संरक्षण तथा उत्थान सम्वन्धि कार्यविधी
२१. जेष्ठ नागरिक हित संरक्षण तथा उत्थान कार्यविधी
२२. महिला तथा शसक्तिकरण सम्वन्धि कार्यविधी
२३. दलित हक अधिकार संरक्षण र उत्थान कार्यविधी
२४. सेवा करारमा शिक्षक राख्ने सम्वन्धि कार्यविधी २०७५, रहेका छन् ।

साथै युवा उद्यमि कार्यक्रम कार्यविधी निर्माण भएको तर स्वीकृत नभएको अवस्था छ ।

**निर्माण हुने चरणमा रहेका कार्यविधिहरु**

१. आर्थिक ऐन २०७७
२. विनियोजन ऐन २०७७
३. मेल मिलाप संचालन सम्बन्धी कार्यविधी २०७७
४. विपद व्यवस्थापन तथा वातावरण संरक्षण सम्बन्धी कार्यविधी २०७७
५. विपन्न व्यक्तिहरुका लागि आर्थिक सहायता दिने सम्बन्धी कार्यविधी २०७७
६. आन्तारिक नियन्त्रण प्रणाली सम्बन्धी कार्यविधी २०७७
७. कर्मचारी कल्याण कोष संचालन सम्बन्धी  कार्यविधी २०७७
८. विपन्न तथा सुकम्बासीको लागि बास कार्यक्रम सम्बन्धी कार्यविधी २०७७
९. अर्गानिक मल तथा सरसफाइ व्यवस्थापन कार्यविधी २०७७
१०. खेलकुद संचालन सम्बन्धी कार्यविधी २०७७
११. पर्यटन विकास सम्बन्धी कार्यविधी २०७७
१२. आयोजना कार्यान्वयन तथा भुक्तानी सम्बन्धी कार्यविधी २०७७

**कमजोर पक्ष/चुनौती**

- विविध कारण (कर्मचारीको अभाव, परामर्शदाताको अभाव, नमुना कानुन समयमै प्राप्त नहुनु) ले गर्दा कानुन निर्माणमा सहजता नहुनु ।
- विधायन समितिबाट सिफारिस गरिएका कानुन निर्माण गरेर समयमै स्वीकृत गरि कार्यान्वयनको चरणमा ल्याउन नसक्नु ।

**अवको बाटो**

संविधानले स्थानिय सरकारलाइ प्रदान गरेको अधिकारको उपयोग गर्दै बजेट , निति तथा कार्यक्रम, जनताको अपेक्षा र आशालाई मध्यनजर गर्दै  प्राथमिकताको आधारमा कानुन निर्माण गरि समयमै कार्यान्वयन गराइ, स्थानिय सरकारको अनुभुति दिलाउन मार्गदर्शन गर्नु विधायन समितिको अबको कार्य हुने छ ।